# नेपाल विद्युत प्राधिकरण

## प्रधान कार्यालय

# सिफारिस एवं नियुक्ति-पत्र बुझ्न आउने सम्बन्धी सूचना

**(गोरखापत्रमा सूचना प्रकाशित मिति : २०७९।०९।१२ गते)**

नेपाल विद्युत प्राधिकरणबाट आन्तरिक/खुला प्रतियोगिताद्वारा बढुवा/स्थायी पदपूर्ति गर्न प्रकाशित निम्नलिखित बढुवा सूचना नं./विज्ञापन नं. का पदहरूको नतिजा प्रकाशन एवं सिफारिस सम्बन्धी विस्तृत सूचना नेपाल विद्युत प्राधिकरणको वेबसाइट www.nea.org.np मा राख्नुको साथै कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। सिफारिस भएका उम्मेदवारहरूले नेपाल विद्युत प्राधिकरण, केन्द्रीय कर्मचारी प्रशासन शाखा, दरबार मार्ग, काठमाडौंमा मिति २०७९।०९।२० गते बुधबार, दिनको १:०० बजेदेखि देहायमा उल्लिखित कागजात सहित नियुक्ति-पत्र बुझ्न आउनुहुन समेत सूचित गरिन्छ।

| क्र.सं. | बढुवा सूचना नं./विज्ञापन नं. | पद | तह | सेवा | समूह/उपसमूह | किसिम |
|---|---|---|---|---|---|---|
| १ | २०७८।७९ प्र.१०/१ | सह-निर्देशक | १० | प्रशासन | प्रशासन | खुला |
| २ | २०७८।७९ प्रा.१०/२ | प्रबन्धक | १० | प्राविधिक | इलेक्ट्रिकल | खुला |
| ३ | २०७८।७९ प्रा.९/आ.प्र.२ | उप-प्रबन्धक | ९ | प्राविधिक | इलेक्ट्रिकल | आ.प्र. |
| ४ | २०७८।७९ प्रा.९/३ | उप-प्रबन्धक | ९ | प्राविधिक | इलेक्ट्रिकल | खुला |
| ५ | २०७८।७९ प्रा.९/आ.प्र.३ | उप-प्रबन्धक | ९ | प्राविधिक | सिभिल | आ.प्र. |
| ६ | २०७८।७९ प्रा.९/४ | उप-प्रबन्धक | ९ | प्राविधिक | सिभिल | आ.ज. |
| ७ | २०७८।७९ प्र.८/५ | सहायक निर्देशक | ८ | प्रशासन | प्रशासन | आ.ज. |
| ८ | २०७८।७९ प्र.८/६ | चार्टर्ड एकाउन्टेन्ट | ८ | प्रशासन | लेखा/चार्टर्ड एकाउन्टेन्सी | महिला |
| ९ | २०७८।७९ प्रा.८/आ.प्र.४ | सहायक प्रबन्धक | ८ | प्राविधिक | इलेक्ट्रिकल | आ.प्र. |
| १० | २०७८।७९ प्रा.८/७ | सहायक प्रबन्धक | ८ | प्राविधिक | इलेक्ट्रिकल | खुला |

**खुलातर्फ नियुक्ति-पत्र बुझ्न आउँदा पेस गर्नुपर्ने कागजातहरू :**

१. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो (१ प्रति)।

२. निरोगिताको प्रमाणपत्र (नेपाल विद्युत प्राधिकरण, कर्मचारी सेवा, सर्त विनियमावली २०७५ (संशोधन सहित) को अनुसूची-१० बमोजिमको ढाँचामा।

३. परिचय खुल्ने कागजात (प्रवेश पत्र वा नागरिकताको प्रमाणपत्र वा परिचय खुल्ने कुनै परिचय पत्र)।

४. नोटरी पब्लिकबाट प्रमाणित गरिएको सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणपत्रहरूको प्रतिलिपि १/१ प्रति।

साथै, आन्तरिक एवं खुला प्रतियोगिताद्वारा बढुवा/स्थायी पदपूर्ति गर्न प्राधिकरणबाट प्रकाशित बढुवा सूचना नं./विज्ञापन नं. अनुसारका विभिन्न पदहरूमा लोक सेवा आयोगबाट प्रकाशन हुने लिखित परीक्षाको नतिजा, लिखित परीक्षामा सफल उम्मेदवारहरूको अन्तर्वार्ता परीक्षा कार्यक्रम, अन्तिम नतिजा प्रकाशन तथा सिफारिस एवं नियुक्ति लिन आउने मिति समेतका सूचनाहरू प्राधिकरणको वेबसाइट www.nea.org.np/recruitment मा हेर्न सकिने हुँदा सोसँग अद्यावधिक हुन समेत सम्बन्धित सबैमा सूचित गरिन्छ।

निर्देशक

पदपूर्ति विभाग